आज मिति २०८२।०६।०३ गतेका दिन विहान ८:०० बजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको १४३ औ (आ.व.२०८२/८३ को चौथों) बैठक गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना साकारज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिकाको बैठक कक्षमा बस्यो । उपस्थिती र निर्णय देहाय बमोजिम रहेको छ ।

| सि.न. | पदाधिकारीज्यूहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोपमान गुरुङ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री यम बहादुर थापा | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री राजुबाबु भण्डारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री पहलमान बयालकोटी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री तुल बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कोकील बहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ती माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी बागदास | कार्यपालिका सदस्य | |
| १६ | श्री अ माया राना | कार्यपालिका सदस्य | अ माया |
| १७ | श्री भुवन चापागाई | सचिव (प्र.प्र.अ.) | |

## निर्णयहरु

**प्रस्ताव नं १ : पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा।**

**निर्णय नं १ :** गाउँ कार्यपालिकाको १४२ औं बैठकबाट पारित निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा आजको यस बैठकमा समिक्षात्मक छलफल भई जानकारी भयो। उक्त सम्बन्धमा, गाउँपालिकाबाट गरिने विकास तथा सेवा प्रवाहको कार्यलाई छिटो छरितो, गुणस्तरीय तथा प्रभावकारी तवरले अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं २ : योजना कार्यान्वयन सम्बन्धमा।**

**निर्णय नं २ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिकाबाट विनियोजित विभिन्न योजना कार्यान्वयन भइरहेको अवस्थामा देशव्यापी रुपमा सिर्जना भएको असामान्य परिस्थितिको कारण योजना कार्यान्वयनमा द्विविधा भएको विषयमा यस वैठकमा छलफल भयो। यस सन्दर्भमा गाउँपालिका कार्यालय र सम्पूर्ण वडा कार्यालयहरुले योजना कार्यान्वयन प्रक्रियालाई निरन्तरता दिने निर्णय गरियो।

**प्रस्ताव नं ३ : विविध।**

**३.१ जङ्कफुडको व्यापारलाई व्यवस्थित गर्ने सम्बन्धमा:** गण्डकी गाउँपालिका क्षेत्रभित्र घुमन्ते व्यापारीबाट अबैध ढङ्गले सञ्चालन भईरहेको जङ्कफुड व्यापारलाई गाउँपालिकाभित्र प्रतिवन्ध लगाउने र सो को जानकारी सम्बन्धित निकायहरुलाई गराउने निर्णय गरियो।

**३.२ विपद् व्यवस्थापन कोषबाट रकम खर्च गर्ने सम्बन्धमा:** गण्डकी गाउँपालिका वडा नं ८ को सिउरेनिटार धरेडाडा तोरिस्वारा क्षेत्रमा पर्ने ढुङ्गाले जोखिम सिर्जना गरेको कारणले सो लाई फुटाउनको लागि विपद् व्यवस्थापन कोषबाट रु एक लाख विनियोजन गर्ने निर्णय गरियो।

**३.३ आर्थिक सहयोग सम्बन्धमा:** गण्डकी गाउँपालिका वडा नं ६ का ब्रेन ट्युमर रोग भएका दिनेश चेपाङ र जेन्जी आन्दोलनमा सहिद भएका गण्डकी गाउँपालिका वडा नं ४ का अर्जुन भट्टलाई तीस/तीस हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो। साथै नेपाल चेपाङ सङ्घ केन्द्रीय कार्यकारिणी समितिद्वारा सञ्चालन भएको चेपाङ न्वागी पर्वको लागि पचाँस हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**३.४ राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्ने सम्बन्धमा:** आगामी दशै र तिहारको बिचको समयमा गण्डकी गाउँपालिका वडा नं १ मकैसिङमा राष्ट्रपति रनिङशिल्ड तथा अध्यक्षकप फुटवल प्रतियोगिता सञ्चालन गर्ने गरी आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याल्चोक गोरखा
२०७३

भुवन चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष